# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-४६, जेष्ठ, २०७३


## भित्र


पारदर्शी र जवाफदेही भए स्वत: सुशासन....................................२

समग्र दिवस सम्पन्न................४

अन्तर्राष्ट्रिय जातीय विभेद विरुद्धको दिवस सम्पन्न..........५

सांसद - सामाजिक परिवार अन्तर्क्रिया ..............................५

अनुगमन तथा छलफल सम्पन्न.......................................६

उदयपुरमा सामाजिक लेखाजोखा................................६

नयाँ संविधानसम्बन्धी जानकारी..................................७

यात्रु प्रतीक्षालय निर्माण ........७

अँध्यारो जंगलदेखि विद्यालयको अध्यक्ष.................८

सामाजिक परिचालक नियुक्त........................................८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चावहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




## सुशासन अभिबर्द्धन कार्यशाला सम्पन्न

बेसीसहर : लमजुङ सदरमुकाम बेसीसहरस्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूलाई एउटै थलोमा राखेर 'सुशासन अधिवर्द्धनका लागि सकरात्मक सोच' कार्यशाला सम्पन्न भएको छ। समग्र विकास सेवा केन्द्रको आयोजनामा ०७२ बैशाख १० देखि १२ गतेसम्म भएको कार्यशालालाई कर्मचारी प्रशिक्षण प्रतिष्ठानका महानिर्देशक केदारबहादुर रायमाझी र योग विज्ञान तथा जीवन विज्ञान विषयका विशेषज्ञ डा. राजु अधिकारीले सहजीकरण गरेका थिए ।

सरकारी निकायको स्थानीय बासिन्दा/विपन्न, दलित, पिछडा वर्गहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने, एक आपसमा सहज वातावरण सृजना गर्ने, अप्ठेरा भए फुकाउने, नीतिगत समस्या भए सरोकारवालाहरूसँग छलफलमा लैजाने, विषयहरूमा अन्तर्क्रिया गर्ने उद्देश्य राखेर सो कार्यशाला आयोजना गरिएको थियो। कार्यशालाको उद्घाटन जिल्ला न्यायाधीश अर्जुन अधिकारी र प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जि.सी.ले संयुक्त रूपमा गरेका थिए ।

उक्त कार्यशालामा लमजुङ्गका स्थानीय विकास अधिकारी, मालपोत अधिकृत, नापी अधिकृत, कृषि, वन, भू-संरक्षण कार्यालयका प्रमुखहरू, बेसीसहर नगरपालिका कार्यकारी अधिकृतलगायत जिल्लास्थित प्राय:जसो सबै कार्यालयका प्रतिनिधि सहभागी थिए ।

कार्यशालाको दोस्रो दिन वैशाख ११ गते नेपाल सरकारका मुख्य सचिव डा. सोमलाल सुवेदीले प्रशिक्षण दिएका थिए। करिब एक सय जनाको सहभागिता रहेको उक्त सत्रमा मुख्य सचिव डा.सुवेदीले सुशासनको इतिवृत्तान्त र कर्मचारीको काम कर्तव्य र व्यवहारका वारेमा प्रशिक्षण दिएका थिए । उनले जिल्लाका समस्याबारे कर्मचारीहरूसँग अन्तर्क्रिया पनि गरेका थिए। *(मुख्य सचिव सोमलाल सुवेदीको प्रशिक्षणको विस्तृत विवरण अर्को पृष्ठमा)*


*बाँकी पृष्ठ ४ मा*

# पारदर्शी र जवाफदेही भए स्वत: सुशासन



**डा. सोमलाल सुवेदी, मुख्य सचिव**

प्रशासन भनेको जनतालाई अधिकतम हित हुने गरी व्यवस्थापन गर्ने राज्यको सम्पूर्ण क्रियाकलाप हो, जुन व्यवस्थापनले कानूनी शासन स्थापनादेखि नागरिकलाई सेवाप्रवाह र अवसरहरू उपलब्ध गराउँछ। यो समय सापेक्ष परिमार्जन पनि हुँदै जान्छन्। हिजो कानूनी शासन मात्रै महत्वपूर्ण थियो, पछि सेवा प्रवाह महत्वपूर्ण भयो। अब सेवाप्रवाहको कुरा मात्रै कुरा भएन, विश्वव्यापी अवसरको कुरा आयो। अब हामी संघीय संरचनामा जाँदैछौं। संघ, प्रदेश, स्थानीय तहमा राज्यका क्रियाकलापहरूलाई व्यवस्थापन गर्ने शासन पद्धति हो। सरकारको क्षेत्र गर्भदेखि चितासम्म हुन्छ। त्योभित्र आउने सबै कुराहरू ठीक-ठीक ठाउँमा ठीक ढंगले समयसापेक्ष अधिकतम जनहित हुने गरी काम गर्नु नै सुशासन हो।

सिहंदरबारमा बस्ने मुख्य सचिवदेखि गाउँ विकास समिति सचिवसम्मको जनशक्ति नागरिकको सेवाका लागि व्यवस्था भएको हो। नागरिकको सुरक्षा हुन्छ, सेवा हुन्छ, अवसर हुन्छ। हामीले हेर्ने गरेको छैन-सन्तुष्टि सूचकांक। वास्तवमा शासन चाहिँ समग्रतामा हामीले यसरी भन्ने गरेका छौं-अहिले शासनको बीचमा पनि आपसी निर्भरता छ। अब हामीले संघ, प्रदेश, स्थानीय तह मात्रलाई भएर भएन, सामुदायिक शासनको कुरा गर्नुपर्छ। स्थानीय शासनले भनेका कुरा सबै समुदायले नमान्न पनि सक्छ अथवा आफ्नो हितमा समुदाय आफैंले गर्न पनि सक्छ। त्यो भएर हामीले थुप्रै सामुदायिक संस्थाहरू बनाएका छौं।

तपाईंहरूलाई थाहा होला- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, निर्वाचन नभएको बेलाको लागि तलतिरको जवाफदेहीता निर्वाह गर्न भनेर हामीले बनाएका हौं। विनाशकारी भूकम्पको बेलामा धेरै सहि काम र तथ्यांक वडा नागरिक मञ्चहरूले दिएका थिए। अब भोलि निर्वाचित जनप्रतिनिधिहरू आए भने उनीहरूको तजबिजी अधिकारलाई युक्तिसंगत गर्ने काम समुदायले गर्छ। त्यसकारण सामुदायिक सरकारको हाम्रो लामो इतिहास छ। सामुदायिक सस्थाहरू, परोपकारी संस्थाहरूले काम गरेको धेरै लामो शास्त्रीय इतिहास छ। धेरै गाविसमा २-३ जना विभिन्न निकायका सामाजिक परिचालकहरू होलान्, त्यस्तै स्वयम्सेवी समूहहरू छन्, आमा समूह छन्। हामीले स्थानीय स्तरमा थुप्रै काम गरेका छौं। त्यो पनि सामुदायिक शासनको हिस्सा हो।

> **बिरुवालाई मल जरामा हाल्नुपर्छ, पातमा हालेर हुँदैन। राम्रो सेवा कम लागतमा गैरसरकारी क्षेत्रले गर्ने हो।**

स्थानीय शासन तपाईंहरूलाई थाहै छ। लामो समयदेखि स्थानीय निर्वाचन नभए पनि त्यो चलेको छ। त्यो किन चल्यो त भन्दा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, समन्वय गर्ने हाम्रो सोच, सहकार्यको संस्कारले चलेको छ। २०५४ सालदेखि चुनाव नहुँदा अहिलेसम्म स्थानीय सरकार धानेर काम गर्न निकै गाह्रो छ। योबीचमा हामीले थुप्रै सुधारका कार्यक्रमहरू ल्याएका छौं। सबै गाविसले गर्ने तहमा हुनुपऱ्यो। त्यसमा आम सहमति पनि हुनुपऱ्यो।

निर्णय भनेको उपलब्ध भएका विकल्पमा सबैभन्दा राम्रो विकल्प छान्नु हो। जे भए पनि त्यहाँ भित्र स्वार्थ हुन्छ। हुन त राजनीति, नीति-कार्यक्रम, बजेट भनेकै स्वार्थ हो। स्वार्थ समूहले आफ्नो स्वार्थलाई जहिले पनि पूरा गर्न चाहन्छन्। त्यो स्वार्थलाई पनि नीति र विधिसंगत ढङ्गले निर्वाह गरेर वितरण गर्नुपर्छ। अबको हाम्रो दृष्टि भनेको संघीयता कार्यान्वयन गर्ने हो। संविधान आइसक्यो। अब हामीले कार्यान्वयन गर्नुपर्छ। त्यो भित्र पनि सेवाप्रवाह त गर्नुपऱ्यो।

समस्या के छ भने हामीले वार्षिक कार्यक्रमको पनि लक्ष्य हासिल गर्न सकिरहेका छैनौं। हाम्रा कामहरू प्रभावकारी र दक्ष हुनुपऱ्यो। लागतको कुरा आउँछ। न्यूनतम लागतमा अधिकतम सेवा दिन सक्नुपर्छ। थोरै पैसामा राम्रो सेवा कसले दिन सक्छ? धेरै पैसामा त जसले पनि दिन सक्छ। वास्तवमा गैर सरकारी संस्था चाहिँ क्षणिक मात्रै हो। सरकार बलियो र सक्षम भयो भने गैर सरकारी संस्थाको आवश्यकता नपर्न सक्छ। गैर सरकारी संस्था भनेको समय सापेक्ष आउँछ, जान्छ। कर्मचारीतन्त्र, राजनीति वा शासन प्रणाली चाहिँ निरन्तर नयाँ-नयाँ आउँछ, नवीकरण हुँदै जान्छ। त्यस कारण पहिला चाहिँ शासन प्रणाली नै बलियो बनाउनुपर्दछ।

बिरुवालाई मल जरामा हाल्नुपर्छ, पातमा हालेर हुँदैन। राम्रो सेवा कम लागतमा गर्छ भने गैरसरकारी क्षेत्रले गर्ने हो। त्यस हिसाबले पनि अहिले हामीलाई सहकार्यको जरुरी छ। सबभन्दा महत्वपूर्ण कुरो- हाम्रा कामकारबाही कति पारदर्शी र जवाफदेही छन्, मुस्कान यसमा पनि जोडिन्छ। तपाईं जवाफदेही हुनुपर्छ भन्ने कुराको महसुस तपाईंलाई छ भने तपाईं रिसाउन हुन्न।

कतिपय कार्यालयहरूमा सेवाग्राहीको नाममा अर्कालाई सेवा लिने मान्छेहरू आए भने त्यो मुस्कान नहुन सक्छ, झर्कन सक्छ। किनभने ऊ वास्तविक सेवाग्राही हैन भने सेवा प्रदायकले त्यसलाई मुस्कानसहित त भन्न त सक्दैन। यो कुरा सेवाग्राहीले पनि बुझ्नुपर्छ। हामी जनताको राजस्वबाट तलबभत्ता खान्छौं। तसर्थ हामीले काम गर्नैपर्छ। त्यसैले पारदर्शीता र जवाफदेहीता भयो भने स्वत: सुशासन हुन्छ। कानुनको शासन भयो भने किन आफन्त चाहियो। धेरै नेपाली विदेशमा छन्। उनीहरूका बाबुआमा, नाति-नातिना पनि जान्छन्। त्यहाँ विधिको शासन छ। त्यसकारण त्यहाँ यहाँको जस्तो कोक्रोमा नानी छाडेर मेला जान त पाइँदैन। बच्चालाई हेर्नुपर्छ बालअधिकार

हो । गर्भदेखि दुई वर्षसम्म विशेष ध्यान दिनुपर्छ बच्चालाई । त्यो अधिकार हो । विधि छन्, कार्यनीति छन्, कानुन छ, प्रक्रिया छ, कहिलेकाहीं प्रक्रियाले परिणामलाई छेक्छ । त्यसलाई छेक्न हुँदैन । यो हिसाबले गयौं भने चाहि विधिको शासन अर्थात् सुशासन दिन सक्छौं ।

विधिको शासन भनेको आफ्नो टेबलबाट ठीक काम गर्ने हो । त्यसलाई धेरै जटिल बनाउन जरुरी छैन । कर्मचारीको कार्यविवरण छ । नागरिकको पनि कर्तव्य र दायित्व सँगै हुन्छ । नेपालमा अहिले अधिकारका कुरा असाध्यै माथि छन् । पहिला आफूले कर्तव्य पूरा गर्‍यो भने अनि अर्कालाई भन्दा पत्याउँछन् ।

सरकारी संगठनहरूको संजाल छ, निजी क्षेत्रको त्यत्ति नै छ । नेपालमा ३० हजारभन्दा धेरै गैरसरकारी संस्थाहरू दर्ता छन्, 'कर्ता' कति छन् त्यो त खोज्नै बाँकी छ । त्यस्तै विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूले हामीलाई सहयोग दिन्छन् । हामी लिन्छौं । त्यो उनीहरूको प्रतिबद्धताभित्रको लिने हो, दयाले दिने होइन । त्यस्तै विभिन्न कार्यक्रमहरू तर्जुमा भइरहेका छन् । नगरपरिषद्, गाउँ परिषद्, जिल्ला परिषद् अनि बजेट र आर्थिक स्रोतको कुराहरू छन् । कसरी बढीभन्दा बढी उपलब्धिमूलक बनाउने भन्नेतिर ध्यान दिनुपर्छ ।

मान्छे जिन्दगीमा दुर्बल धेरै हुन्छ । ६० नाघेपछि (अब अहिले ६५ भन्नुपर्ला) ज्येष्ठ नागरिक नै भइहाल्छ । मान्छेसँग समय नै कति छ ? ४० वर्षभन्दा कम छ । अब ४० वर्षमा प्रणाली बसाल्नुभयो भने आराम गर्ने समय तपाईंलाई सजिलो हुन्छ । भावी सन्ततिलाई सजिलो हुन्छ । प्रणाली भयो भने सधैंलाई काम लाग्छ । त्यो हिसाबले यो सुशासनसँग प्रणालीगत सुधार पनि जोडिएको छ । पद्धति राम्रो भयो भने सेवा पाउँछन् । अवसरहरू पाउँछन् । आयआर्जन हुन्छ । उपभोक्ता सन्तुष्ट हुन्छन् । यसका अभिनेताहरू निश्चित रूपमा राजनीतिज्ञ नै हुन् । त्यसपछि कर्मचारीतन्त्रदेखि शिक्षक, सार्वजनिक हितका विभिन्न निकायहरू सबै छन् ।

सुशासनमा मूलतः तीनवटा 'एफ' को महत्व हुन्छ । 'फङ्सन'- के काम गर्ने, 'फन्ड'- कति पैसा चाहिन्छ र 'फङ्सन्नली'- कसले काम गर्छ । अब प्रक्रिया पुर्‍याएन, कागज छैन भने उसलाई अप्ठ्यारो पर्छ । त्यो कागजी प्रक्रियामा हामीलाई चेतना चाहिएको छ । दोस्रो, प्रक्रियामुखी भैसके पछि परिणाम आउँदैन । यसले भनाइ र गराइमा फरक देखिन्छ । हाम्रो चलन छ- अपवादलाई समान्यीकरण गर्ने । दुई जनाले सामाजिक सुरक्षा भत्ता पाएका रहेनछन् भने सरकारले केही पनि गरेको छैन भनेर व्याख्या हुन्छ । सामाजिक सुरक्षा भत्ताको नगद २२ लाखले पाउँछन् । कोही छुट्नु हुँदैन, त्यो अर्कै कुरा हो तर बाँकी कसैले पाएकै छैन सबै छुटेका छन् भनेर बुझ्नु त भएन नि ! कानुन, नीति बनाउने बेलामा संसारका उत्कृष्ट कुराहरू खोजेर बनाउने तर जनशक्ति बनाउने बेलामा त्यो तहको बनाउन नसक्दा 'ग्याप' हुन्छ । त्यसले गर्दा पनि हामीलाई सुशासनमा समस्या भएको छ ।

विद्यालयहरूमा खर्बभन्दा बढी बजेट छुट्ट्याइन्छ । सरकारी स्कुलको गुणस्तरीय शिक्षा भयो भने धेरै मान्छे बसाइँ

> **जहिले पनि राम्रो काम नगर्नेको संरक्षण गर्ने र राम्रो काम नगर्नेले शक्तिलाई रिझाएर प्रशासनलाई दबाब दिने गर्दा सबैलाई तनाब हुन्छ ।**


सर्दैनन् । निजी विद्यालयको पढाइ राम्रो छ भनेर आफ्नो घरखेत बेचेर सन्तति पढाउन बसाइँ सरेका छन् । आफैं भन्नुस्- सरकारी स्कुलमा शिक्षकहरू सबै तालिम प्राप्त छन्, बोडिङ स्कुलमा तालिम प्राप्त छैन । त्यहाँ रिजल्ट राम्रो छ, यतातिर तालिम पाएकाले पढाएको ठाउँमा विश्वासै छैन, किन ? मैले विदेशमा गएर कमाउनेहरूसँग सोध्छु- पैसाले के गर्नुभो ? भन्छन्- 'मेरा छोराछोरी पढिराछन् । राम्रै गरेका छन् । आफूले त पढिएन पढिएन ।' शिक्षामा लगानी बढाइरहेका छन् व्यक्तिहरूले । तर, प्रतिफल आउन सकेको छैन भनेपछि नियमन गर्नुपर्‍यो नि ! यो पनि सुशासनकै अंग हो । निजी विद्यालयको नियमन कार्यविधि म सचिव हुँदा बनाएको हो । खै त्यति नियमन हुन सकेको छैन ।

कार्यालय प्रमुखहरूले तीन वटा कुरामा विशेष ध्यान दिनुपर्छ । एउटा, आफूले दिने गरेको नियमित सेवा कत्तिको प्रभावकारी ढङ्गले दिन सकिन्छ ? तपाईंहरूका मातहतका कर्मचारीहरूले खुरु-खुरु काम गरिदिए भने समस्या नै आउँदैन । अहिले त्यो काम नभएको कारणले समस्या भोग्नुभएको छ । मातहतका कार्यालयहरू छन् । सेवाकेन्द्र छ । इलाका छ । त्यसले राम्ररी काम नगरेको वा नगरेर पनि समस्या आएको हुन सक्छ । अनि तपाईंहरूले समस्या मन्त्रालयमा पठाएबापतको चाप चाहिँ मन्त्रालयमा छ । अनि मन्त्रालयले पठाएको छ- सबै मुख्य सचिवकहा छ । कार्यालय प्रमुखले मन्त्रिपरिषद्ले निर्णय गरेर पैसा आएपछि काम गर्ने भन्दा भन्दै काम हुँदैन । बजेट फ्रिज हुन्छ । हामीले विचार गर्नपर्छ- जसको काम हो यसले गर्न पर्‍यो । त्यो राम्ररी गरिदियो भने कार्यालय प्रमुखहरूकहाँ चाप पर्छ र ? उसलाई व्यावसायिक स्वायत्तता दिएमा खुरुखुरु काम गर्छ । यसमा समाज दोषी छ । राजनीति दोषी छ । त्योभन्दा अलिकति बढी जिम्मेवारी कर्मचारीले लिनु पर्दछ ।

प्रशासन बुझ्नलाई आफ्नै व्यवहारबाट हेर्नुस् । राम्रो काम गर्नेले पक्षपोषण खोज्दैन । त्यो काम नगर्नेले चाहिने पक्षपोषण खोज्दै हिँड्छ । जहिले पनि राम्रो काम नगर्नेको संरक्षण गर्ने र राम्रो काम नगर्नेले शक्तिलाई रिझाएर प्रशासनलाई दबाब दिने कामले गर्दा सबैलाई तनाब हुन्छ । काम गर्नेलाई तनाब, जिम्मा लिनेलाई तनाब भएको छ । यो कारणले हाम्रो बिग्रेको छ । कमजोर पक्षले सबल पक्षलाई हल्लाउन दिन भएन । सही काम गर्नुस् । केही काम गर्नुपर्‍यो भने तपाईंहरूको सचिवलाई सीधै भन्नुस् ।

संसारको तुलनामा हाम्रो तलब कम छ तर पेन्सन निकै राम्रो छ । आफ्नो कामलाई पहिलो प्राथमिकता दिनुस् । काम तलको साथीलाई जिम्मा दिनुस्, अनुगमन गर्नुस् । व्यवस्थापक कस्तो हुनुपर्छ भने ज्ञानले डोमिनेशन गर्नसक्ने हुनुपर्छ नत्र अरूले टेर्दैनन् । क्षमता र अनुभव पनि चाहियो । नागरिकलाई त 'डेलिभरी' चाहिन्छ । आफ्नो काम सकेसम्म छिटो गर्ने नाममा प्रक्रिया छोड्यो भने पनि अप्ठ्यारो हुन्छ तर प्रक्रियाको नाममा नचाहिएको कुरा खोज्यौं भने जनताले दुःख पाउँछन् । त्यही हो हाम्रो प्रशासन भनेको । उपभोक्ता समितिसँग काम गर्दा पनि त्यही हो । टेण्डर प्रक्रियामा काम गर्दा पनि त्यही हो । ● *(मुख्य सचिव डा.सुवेदीले लमजुङमा दिनुभएको प्रशिक्षणको अंश)*

# समग्रको स्थापना दिवस सम्पन्न



काठमाडौं : समग्र विकास सेवा केन्द्रले केन्द्रीय कार्यालय चावहिलमा स्थापनाको २१ औं वार्षिकोत्सव मनाएको छ। २०५३ साल वैशाख २८ गते स्थापना भएको समग्र २१ औं वर्ष प्रवेश गरेको छ ।

अध्यक्ष दुर्गादत्त घिमिरेले दीप प्रज्ज्वलन गरी शुभारम्भ गरेको कार्यक्रममा सहभागीहरूले समग्रले स्थापनाकालदेखि हालसम्म गरेका उपलब्धि र अबका चुनौतीबारे समीक्षा गरेका थिए। संस्थापक अध्यक्ष एवम् कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले स्थापनादेखि हालसम्मका इतिवृत्तान्त प्रस्तुत गर्दै सघाउने सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

**सिरहा:** जय माँ वलान सामाजिक परिवारले एक अन्तरक्रियाको आयोजना गरी समग्र दिवस मनाइएको छ। सामाजिक परिवारका अध्यक्ष अमृतलाल चौधरीको अध्यक्षतामा सम्पन्न अन्तर्क्रियामा पाँच महिलाहरूले पञ्चदीप प्रज्वलन गरी समग्रको उत्तरोत्तर प्रगतिको कामना गरे ।

अन्तर्क्रियामा समग्रले ०५३ सालदेखि विपन्न बस्तीहरूमा पुऱ्याउँदै आएको योगदानको चर्चा गर्दै आगामी दिनहरूमा पनि अझै धेरै विपन्न बस्तीहरूमा जनमुखी कार्यक्रम गर्दै जाओस् भन्ने शुभकामना व्यक्त गरिएको थियो ।

**गोरखा :** सञ्चार मार्ग सामाजिक परिवारको आयोजनामा 'सामाजिक परिवारको भूमिका र समग्रको गतिविधि' बिषयको समीक्षात्मक कार्यक्रम सम्पन्न भएको छ। गोरखा नगरका सामाजिक परिवारहरूका प्रतिनिधि र समग्रका कर्मचारीहरूको सहभागितामा सो कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा गोरखाका संयोजक तिलकुमारी तामाङले समग्रका गतिविधिबारे जानकारी गराएकी थिइन् । सदस्य चन्द्रबहादुर बिकले हाल देशमा देखिएको बालविवाह, महिला बेचविखन, बाल श्रमशोषण, घरेलु हिंसा जस्ता कुकृत्यलाई सामाजिक परिवारको संस्थागत विकासले मात्र न्युनीकरण गर्ने भएको हुँदा त्यसतर्फ अघि बढेको विचार व्यक्त गरे। कार्यक्रम भगवती बि.क.को अध्यक्षतामा भएको थियो ।

**धादिङ :** समग्र स्थापना दिवस गजुरी गाविसको वडा नं. १ मा रहेको कालिका र आदमारा सामाजिक परिवारका सदस्यहरू र समग्रका कर्मचारीहरूको सहभागितामा सम्पन्न भयो । कार्यक्रममा स्थानीय स्रोत साधनमा सामाजिक परिवारको पहुँच अभिवृद्धि सचेतना तथा शुभकामना आदानप्रदान गरियो। समग्र दिवसको अवसरमा समग्रको केन्द्र, क्षेत्र तथा जिल्लाका सबै कार्यालयहरूमा साँझ दिपावली गरिएको थियो ।●

# सुशासन............

कार्यशालामा वैशाख १० र ११ गते डा. राजु अधिकारीले तनाब र यसको व्यवस्थापनबारे प्रशिक्षण दिएका थिए। चार वटा सत्रमा चार भाग विभाजन गरी उनले प्रशिक्षण दिएका थिए- यसरी शत्रु बन्छ तनाब, तनाबको इतिवृत्तान्त, तनाब प्रबन्ध एवं सुशासन अभिवर्द्धन र यस्तो होस् दिनचर्या, यस्तो होस कार्यशैली । डा. अधिकारीले विभिन्न अभ्यास, योग र प्रस्तुतिबाट सहभागीहरूलाई सबैखाले तनाबबाट मुक्त रहने उपाय पनि सिकाएका थिए ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ निर्देशक केदारबहादुर रायमाझीले सुशासन प्रवर्द्धनका लागि सान्दर्भिक मुख्य दुई विषयहरूमा सहजीकरण गरेका थिए, बानी-व्यहोरा परिवर्तन र सकारात्मक सोच। लामो समय प्रशिक्षण तथा मनोविमर्शकर्ताको रूपमा बिताएका रायमाझीको प्रशिक्षण कलाले सबै सहभागीहरू मन्त्रमुग्ध भएका थिए । सहभागीको तर्फबाट मुख्य सचिव डा. सुवेदीलाई प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जि.सी.ले स्वागत गरेका थिए।

उद्घाटन मन्तव्य दिँदै जिल्ला न्यायाधीश अर्जुन अधिकारीले अमूल्य मानव जीवन अव्यवस्थित खानपान, बसाई र अस्तव्यस्त जीवनशैलीले गर्दा नचाहदा नचाहँदै पनि तनाबमा बाँच्नुपर्ने अवस्था रहेको बताउँदै भने, 'तनाबबाट मुक्तिका लागि यस किसिमको कार्यशालाको अत्यधिक महत्व छ । कार्यशालाबाट तनाब व्यवस्थामा सहयोग पुग्छ। स्थानीयलाई सेवा प्रवाहमा मद्दत पुग्ने विश्वास छ।' उनले सबै कर्मचारीहरूलाई आफ्नो कर्तव्य निर्वाह गरी नागरिकलाई छिटो, छरितो र सहज रूपमा सेवा दिन पनि आग्रह गरे ।

कार्यशालाका सहभागी प्रमुख जिल्ला अधिकारी मोहन जि.सीले आफ्नो अनुभव सुनाए, स्वस्थ शरीर, स्वस्थ मनवाट नै स्वस्थ कर्मको आशा गर्न सकिन्छ। यस कार्यशालाले सुशासन अभिवर्दनमा थप टेवा पुऱ्याउने छ।' उनले समग्र विकास सेवा केन्द्रले यस्तो किसिमको कार्यशालाको आयोजना गरेकोमा धन्यवाद पनि दिए ।

अर्का सहभागी पशु सेवा कार्यालयका प्रमुख डा. दीर्घराज ढुंगानाले भने, 'शारीरिक रूपमा स्वस्थ रहन र सकारात्मक सोच निर्माणका लागि यो कार्यशाला महत्वपूर्ण छ। हामीले सकेसम्म सेवाग्राहीहरूलाई छिटोछरितो रूपमा सेवा दिँदै आइरहेका छौं । कार्यशालाबाट त्यसका लागि थप प्रेरणा पनि मिलेको छ।' कार्यशालामा समग्रको केन्द्रीय कार्यालयबाट कार्यकारी निर्देशक डोरनाथ न्यौपाने, कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलसहितका अधिकृतहरू पनि सहभागी थिए।●

# अन्तर्राष्ट्रिय जातीय विभेदविरुद्धको दिवस सम्पन्न



लमजुङ : ५१औं अन्तर्राष्ट्रिय जातिय विभेदविरुद्धको दिवस चेतनामूलक कार्यक्रम गरी लमजुङ सदरमुकाम बेसीसहरमा भव्य रूपमा मनाइएको छ । बेसीसहर नगरपालिकाको वडा नम्बर ९ मा गठन भएको दिगो ज्योति सामाजिक परिवारको आयोजनामा २०७२ साल चैत्र ८ गते सम्पन्न कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख एवं प्रतिनिधिहरु, सामाजिक परिवारका सदस्यहरु, नागरिक समाज तथा संघ संस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मीहरूको सहभागिता थियो ।

दिगो ज्योति सामाजिक परिवारकी अध्यक्ष चिनीमाया नेपाली (सार्की) अध्यक्ष र प्रमुख जिल्ला अधिकारी मोहन जिसी प्रमुख अतिथि रहेको कार्यक्रममा विशेष अतिथिका रूपमा जिल्ला विकास समितिका योजना अधिकृत खेमबहादुर बिक सहभागी थिए ।

कार्यक्रमका अन्य अतिथिहरूमा एमाले जिल्ला सदस्य एवम् मुक्ति समाजका जिल्ला अध्यक्ष प्रेम रस्तेल, नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य एवम् लमजुङका अध्यक्ष देवबहादुर गहतराज, इन्सेक प्रतिनिधि दलबहादुर मझाकोटी, चेतनशील सामाजिक परिवारका अध्यक्ष जमानसिंह दुलाल, जिल्ला कारागार शाखाका कार्यालय प्रमुख काजीमान सुनारलगायत थिए ।

समारोहलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी जिसीले भने, 'नेपालमा विभेदको अन्त्य २०२० सालमा घोषणा भैसकेको हो । मानव-मानव बिचको विभेद भनेको अत्यन्तै जघन्य अपराध हो । तपाईंहरू कसैले सामाजिक विभेद भोग्नुपरेमा कानुनी उपचारको लागि म सहयोग गर्छु ।' उनले दलितका लागि तीनवटा 'प' आवश्यक रहेको बताउँदै भने, 'पहिलो 'प'- प्रतिनिधित्व, दोश्रो 'प'- पहिचान र तेश्रो 'प'- पहुँच हो ।' ●

# सांसद-सामाजिक परिवार अन्तर्क्रिया

काठमाडौं । काठमाडौंको बौद्ध, पाटीटारस्थित पाटीटार सामाजिक परिवारको पहलमा पुस्तकालय स्थापना भएको छ । उक्त पाटीटार सिर्जनशील पुस्तकालयको उद्घाटन सांसद् अम्बिका बस्नेत र रामेश्वर फुयालले लोकतन्त्र दिवशका दिन बैशाख ११ गते संयुक्त रूपमा गरे । सभासदहरूसँग स्थानीय जनताको अन्तर्क्रिया पनि गरिएको थियो । सोही समारोहमा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको थियो ।



समारोहमा कांग्रेस सांसद् अम्बिका बस्नेतले भनिन्, 'नयाँ संविधान त जनप्रतिनिधिबाट लेखी सक्यौ । राजनीतिक उपलब्धि प्राप्त गरिसक्यौं । त्यसलाई संस्थागत गर्नुपर्छ । समाजमा परिवर्तन गर्नुछ । राजनीतिक स्थिरता नभई समाजको उन्नति हुन सक्दैन । समाजलाई आर्थिक रूपमा समुन्नत र शिक्षीत समाज बनाउन खोजिरहेका छौं । सिर्जनशील समाज बनाउन खोजिरहेका छौं । समाज परिवर्तन लागि तपाईंहरूलाई साथ दिन तयार छु ।'

एमाले सांसद् रामेश्वर फुयालले भने, 'पुस्तकालय स्थापना जति कठिन छ, त्यसलाई सञ्चालन गर्न झन् कठिन काम हो । त्यसलाई व्यवस्थित गर्न ई-लाइबेरीले अहिलेको आवश्यकता पुरा गर्दछ ।' मनले गऱ्यो भने सबै संभव भएको बताउँदै आफूले पुस्तकालयलाई सघाउने प्रतिबद्धता पनि व्यक्त गरे । कार्यक्रमको सञ्चालन समग्रका धादिङ जिल्ला संयोजक कवि पुडासैनीले गरेका थिए । ●

# अनुगमन तथा छलफल सम्पन्न



समग्र विकास सेवा केन्द्रले गरिबी निवारण कोषको आर्थिक सहयोगमा धादिङ जिल्लाको री र तसर्पु गाविसमा तसर्पू गाविसमा रहेका सूर्यमुखी, श्रमजिवी र पालुवा सामुदायिक संस्था/सामाजिक परिवारको अनुगमन तथा छलफल कार्यक्रम सुरु गरेको छ ।

कार्यक्रमको सुरुवात धादिङ जिल्लाका स्थानीय विकास अधिकारी भगवान अर्याल, योजना तथा प्रशासनिक अधिकृत युवराज अर्याल, सूचना अधिकृत भोला गौतम, धादिङ जिविसका नायव सुब्बा तुफेल खान र गरिबी निवारण कोषका प्रबन्धक अनिल खनालले संयुक्त रूपमा गरेका थिए । अनुगमन तथा छलफल कार्यक्रममा स्थानीय विकास अधिकारी अर्यालले गरिबी निवारण कोषबाट प्राप्त रकमले समुदायमा सञ्चालन गरेको कार्यक्रमबारे जानकारी लिएका थिए ।

छलफल कार्यक्रममा सूर्यमुखी सामुदायीक संस्था तथा सामाजिक परिवारका अध्यक्ष रामभगत बि.क.ले भने, 'यो कार्यक्रम सुरु भएको एक-दुई वर्षसम्म त परिवर्तन देखिएको थिएन तर यसले उत्पादन दिन थालेपछि मान्छेको दैनिक जीवनमा परिवर्तन देखा परेको छ ।'

स्थानीय विकास अधिकारी भगवान अर्यालले गरिवी निवारण कोषको आर्थिक सहयोगमा समग्र विकास सेवा केन्द्रले तसर्पू गाविसमा निर्माण गरेको खानीपानीको अवस्थाको वारेमा जानकारी दिँदै गरिबी निवारण कोषका कार्य प्रवन्धक अनिल खनाललाई भूकम्पपछि क्षति भएको पूर्वाधारको चाँडोभन्दा चाँडो निमाण गर्नतर्फ ध्यानाकर्षण गरे ।

जिविस धादिङका योजना तथा प्रशासकीय अधिकृत युवराज अर्यालले भने, 'लगानी भएको रकम मात्र बढाउन हैन, वास्तवमै त्यसले समुदायको जीवनयापनमा परिवर्तन हुनुपर्छ ।'

कार्यक्रममा समग्र विकास सेवा केन्द्रका जिल्ला संयोजक कवि पुडासैनीले हालसम्म तसर्पू गाविसमा संचालित समग्र विकास सेवा केन्द्रको गतिविधि जानकारी गराएका थिए ।

# सामाजिक लेखाजोखा सम्पन्न

उदयपुर : समग्र विकास सेवा केन्द्र उदयपुरको सामाजिक लेखाजोखा कार्यक्रम २०७३ बैशाख १६ गते सम्पन्न भएको छ। उदयपुर जिल्लाका सामाजिक परिवारका पदाधिकारी, सेवा प्रदायक, सरोकारवाला निकायका पदाधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, पत्रकार र संघसंस्थाका प्रतिनिधिहरु गरी ६० जनाको उपस्थित थिए ।

उक्त कार्यक्रम जनजागरण सामाजिक परिवार, हडिया-५ का अध्यक्ष एवम् समग्र विकास सेवा केन्द्रका केन्द्रीय सदस्य दुर्गाबहादुर सार्कीको अध्यक्षता र त्रियुगा नगरपालिका-१० स्थित सुनौलो बिहानी सामाजिक परिवार, देउरीकी सदस्य रहेकी कांग्रेसका तर्फबाट सांसद् शान्तिदेवी चौधरीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।



शुसासन कार्यक्रम (जीएफ) को सहयोग र समग्र विकास सेवा केन्द्रको आयोजनामा सञ्चालित 'शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागी सिमान्तकृत मानिसहरुको सशक्तिकरण' कार्यक्रम उदयपुरको त्रियुगा र बेल्टार बसाहा दुई नगरपालिका सहित जोगिदह गाविस, हडिया गाविस, सुन्दरपुर गाविसमा संचालन हनेछ । तीन वर्षको अवधिको लागि सम्झौता भएको उक्त कार्यक्रमको बजेट ३७ लाख ९९ हजार ९९१ रुपैयाँ रहेको छ ।

कार्यक्रमकी प्रमुख अथिति शान्तिदेवी चौधरीले समग्र विकास सेवा केन्द्रले विशेष गरी दलित, महिला, सीमान्तकृत, जनजाति पीछडा वर्गमा काम गर्ने भएकोले समुदायमा पछि परेका मान्छेको क्षमता अभिवृद्धि हुने बताइन्। उनले भनिन्, 'यसले गर्दा राज्यको सेवा सुविधाको उपभोगमा पहुँच पुग्ने र नेतृत्व तहमा समेत सहयोग पुग्ने भएको छ । कार्यक्रमको सफलता र कार्यक्रमले सामाजमा अझै

बाँकी पृष्ठ ७ मा

# नयाँ संविधानसम्बन्धी जानकारी



'नेपालको संविधान' २०७२ साल असोज ३ गते जारी भयो । यो संविधानका ३५ भाग, धारा ३०८ र ९ वटा अनुसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म ३१ वटा धारामा लिपिबद्ध छन् ।

१९. सञ्चारको हक : (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

२०. न्याय सम्बन्धी हक : (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ ।

तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि "कानून व्यवसायी" भन्नाले कुनै अड्डा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्ति सम्झनु पर्छ ।

(३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन ।

तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन ।

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन ।

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन ।

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ ।

(१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ● ।

## सामाजिक लेखाजोखा........

पछाडि परेका मानिसहरुको हक हितमा कार्यक्रम संचालन गरोस् ।'

कार्यक्रमलाई शुभकामना दिँदै सगरमाथा सामाजिक परिवारकी सदस्य तथा समग्र विकास सेवा केन्द्रको केन्द्रीय सदस्य जोहरा खातुनले भनिन्, 'सामाजिक परिवार गठन भएपछि छोटो समयमा नै गाँउका महिलाहरु आफ्ना अधिकारप्रति सचेत भएका छन् । क्षमता विकास र सामाजिक कार्यमा एकजुट भई सामाजिक मूल्य-मान्यतामा परिवर्तन ल्याउन प्रयास गरेको छ ।'। ●

## यात्रु प्रतीक्षालय निर्माण

गोरखा : जलविरे सामाजिक परिवारको सहभागिता र हेब्वी युवा क्लब वोर्लाङ्को आयोजनामा यात्रु प्रतीक्षालय निर्माण गरिएको छ ।

उक्त प्रतीक्षालयबाट जलविरे, पीपलटार, सिमलटारका यात्रुहरू लाभान्वित भएका छन् । आरुघाटदेखि काठमाडौं जाने बसका यात्रुहरूलाई यसबाट सुविधा पुगेको छ ।

उक्त प्रतीक्षालय बनाउन हेब्वी युवा क्लव, जलविरेले देउसी-भैलो खेलेर संकलन गरेको १० हजार रुपैयाँबाट सुरु गरिएको थियो । आवश्यक सामग्री हेब्वी युवा क्लबका किशोर किशोरीहरूले जुटाए ।

छाना छाउनका लागि पाटनदेवी मा.वि.ले सहयोग गरेको छ । ●

# अँध्यारो जंगलदेखि विद्यालयकी अध्यक्ष

०२८ सालतिरको कुरा हो । यो गाउँ वरिपरि घनघोर जङ्गल थियो । बीचमा चौर थियो । गाँउमा जम्मा ८ ९ घर मात्र थिए । वस्ती सानो थियो, बाघभालु लाग्थ्यो ।

पत्नीमाया सम्झिन्छिन्, ‘हामी उदयपुरकै भुट्टार गाविसको रामेटार गाउँबाट यहाँ आएका हौं । रामेटार पहाडी गाउँ हो । उकालोओरालो हिँड्नुपर्थ्यो । हाटबजार टाढा थियो । कोही बिरामी भए भने औषधोपचार गर्न नपाई मर्नुपर्थ्यो । त्यसैले २०४८ सालमा भुट्टार छाडी यो ठाउँमा बसाइँ सर्‍यौं ।’

त्यसबेला जंगलभित्र सानो गाउँ थियो । गाँउमा त्यतिखेर उब्जनि केही पनि हुँदैनथ्यो । बिस्तारै गाईबाखा पाल्न थाल्यौं । गाईबाखाको मल हाल्न थालेपछि मकै, कोदो सप्रन थाल्यो ।

पत्नीमाया दुःखका दिन सम्झन्छिन्, ‘छोराछोरी सानै थिए । अधियाँमा अर्काको गाईबस्तु पालें । लोग्नेले कान्छी ल्याए । उनी घर नआई बाहिरै बस्न थाले, खर्चवर्च पनि पठाउँदैनथे । बिहानै दाउराको भारी बोकेर लाहानमा बेच्न जान्थें । दाउरा बेचेको पैसाले छोराछोरीलाई खुवाउँथें ।’

दिन बित्दै गए । छोराछारी पनि ठूला हुँदै गए । दाउरा बेचैरै भए पनि पत्नीमायाले छोराछारीलाई पढाउँदै गइन् । अधियाँ पालेको गाईबाटै हलगोरू जोडिन् । यसैबीच ०५२ सालतिरको कुरा हो, स्वावलम्व विकास केन्द्र भन्ने संस्था आयो, त्यसले आफूलाई धेरै सहयोग गरेको पत्नीमाया सम्झन्छिन् ।



**पत्नीमाया मगर, ४८ वर्ष**
**त्रियुगा नगरपालिका-९, खारखोला**
**उपाध्यक्ष, उज्यालो सामाजिक परिवार**
**अध्यक्ष, श्री राष्ट्रिय प्राथमिक विद्यालय**

‘स्वावलम्बनले समूह वचत गरायो । बाखा पाल्न, गोरू पाल्न सहयोग गर्‍यो । आँप, कटहरजस्ता फलफूलका बिरुवा दियो, गाउँमा प्रौढ कक्षा पनि सञ्चालन भयो । म पनि प्रौढ कक्षा पढेर आफ्नो नामसम्म लेख्ने भएँ’, उनले भनिन् ।

स्वाबलम्बन भन्ने संस्थाले बीचैमा छडिदिएको उनले बताइन् । ‘फेरि २०६२/६३ सालमा समग्र विकास सेवा केन्द्र भन्ने संस्था आएर हामीलाई उज्यालो सामाजिक परिवार गठन गरिदियो र म यसको उपाध्यक्ष पदमा रहेर वचत गर्न थालें’, उनले भनिन्, ‘यस संस्थाले समय समयमा परिचय भन्न सिकाउने र समूहमा बोल्न सिकायो ।’

पत्नीमाया समग्रकै सहयोगमा आफू सफलताको कथा लेख्नसक्ने अवस्थामा पुगको निःसंकोच बताउँछिन् । उनले भनिन्, ‘अहिले त मेरो दुई भाइ छोरा सरकारी जागिरे छन् । दुइटै छोरीको बिहेदान भयो । म २०६८ सालदेखि श्री राष्ट्रिय प्राथमिक विद्यालय, खारखोलाको संचालक समितिको अध्यक्ष छु ।’

पत्नीमाया विद्यालय व्यवस्थापन समिति अध्यक्ष भएपछि विद्यालयले पनि प्रगति गरेको छ । उनले भनिन्, ‘पहिलेको व्यवस्थापन समितिको पालामा विद्यालय भवन कालोसूचीमा थियो । मैले २०७१ सालमा दुई कोठे नयाँ भवन निर्माण गराए । २०७२/७३ को शिक्षा बजेटबाट साढे १३ लाख रुपैयाँ बराबर फर्निचरसहितको विद्यालय भवन निर्माण गराउँदैछु ।’

कुनै बेला दाउराबेचेर गुजारा गर्ने आफू अहिले समाजको हित हुने काम गर्ने अवस्थामा आइपुगैं भनेर सम्झँदा आफैंलाई आनन्द लाग्ने उनले बताइन् । पत्नीमायाले भनिन्, ‘मेरो जीवन त्यो अवस्थादेखि अहिलेसम्मको परिवर्तन समग्र विकास सेवा केन्द्रको उत्प्रेरणाको फल हो ।’ ●

## सामाजिक परिचालक नियुक्त



स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमअन्तर्गत काठमाडौं महानगरपालिका वडाहरूमा नियुक्ति गर्नुपर्ने सामाजिक परिचालकहरू सम्बन्धित वडाहरूमा काममा खटिएका छन् ।

छनौट प्रक्रिया फागुनमा सम्पन्न भए पनि नियुक्ति प्रक्रियामा समस्या आएकाले केही ढिलो गरी बैशाख २३ गतेबाट मात्र नियुक्ति दिइएको हो । समग्रले काठमाडौं महानगरपालिकाका ९ वटा वडामा सामाजिक परिचालनको जिम्मेवारी बहन गर्दै आएको छ ।

नियुक्ति पाएका सामाजिक परिचालकहरूमा वडा नं. १ सरिका राई, वडा नं. २ संगीता महर्जन, वडा नं. ४ संरिता कार्की, वडा नं. ५ श्रुति गुरागाईं, वडा नं. ६ तारा दुलाल, वडा नं. ७ सरीता सिग्देल, वडा नं. ८ मसान्ती नेपाली, वडा नं. २७ महेश्वरी श्रेष्ठ र वडा नं. ३० जमुना महर्जन रहेका छन् । ●